बैठक संख्या : ३२ औं

आज मिति २०८१ साल भाद्र महिनाको १६ सोमबार १० गतेको निरन्तर कार्यपालिका बैठक दिउसो २:३० बजे देखि विगु गाउँपालिकाको अध्यक्ष श्री संजिव ओलीको अध्यक्षतामा तपसिल बमोजिमका पादाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायअनुसारको निर्णय गरियो ।

उपस्थिति:

| क्र.स | नामथर | पद | सम्पर्क न | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | संजिव ओली | अध्यक्ष, गाउँपालिका | ९८५१००४२९५ | |
| २ | देविका थामी | उपाध्यक्ष, गाउँपालिका | ९८४४३९५६६३ | |
| ३ | मेम बहादुर तमाङ | वडाध्यक्ष, वडा नं १ | ९८४४४६५१४९ | |
| ४ | दिपक ठकुरी | वडाध्यक्ष, वडा नं २ | ९८४४३०६५७२ | |
| ५ | ढाल बहादुर तमाङ | वडाध्यक्ष, वडा नं ३ | ९८६४००४१४७ | |
| ६ | रामचन्द्र खड्का | वडाध्यक्ष, वडा नं ४ | ९८६३३७७४९८ | |
| ७ | काले शेर्पा | वडाध्यक्ष, वडा नं ५ | ९८४४२३८४३० | |
| ८ | टहल बहादुर थामी | वडाध्यक्ष, वडा नं ६ | ९८५४०४५९४० | |
| ९ | दल बहादुर श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | ९८४९१७०३२१ | |
| १० | हिरा थामी | वडाध्यक्ष, वडा नं ८ | ९८६६४१९५१० | |
| ११ | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | ९८६४००२६५४ | |
| १२ | गोमा के.सी. | कार्यपालिका सदस्य | ९८४४१९६३९६ | |
| १३ | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | ९८५१०५३४६१ | |
| १४ | ज्योतिमाया थामी | कार्यपालिका सदस्य | ९८४४५५५८९९ | ज्योती |
| १५ | टलमाई तमाङ | कार्यपालिका सदस्य | ९८६६४३८१०१ | टलमाइ |
| १६ | मैयाँ नेपाली | कार्यपालिका सदस्य | ९८६०४१००६५ | |
| १७ | छोईसाङ तमाङ | प्रमुख प्रशासकीय अधिकृत | ९८४३५५९०३८ | |
| १८ | | | | |

मिति २०८१।०५।१० गते विगु गाउँपालिकाको कार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु:

१. आर्थिक वर्ष २०८१।०८२ को बजेट तर्जुमा तथा गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

२. आ.व. २०८०।०८१ र २०८१।०८२ मा करार कर्मचारीहरुको करार सम्झौता नविकरण सम्बन्धमा ।

३. नागरिक वडा पत्र र गा.पा. को बोर्ड सम्बन्धमा ।

४. सेवा करारमा कर्मचारी नियुक्ती गर्ने सम्बन्धमा ।

५. आकस्मीक कोष खडा गरी संचालन गर्ने सम्बन्धमा ।

६. विगु गाउँपालिका वडा नं ५ अन्तर्गत ढुसिडाँडा पहिरो सम्बन्धमा ।

७. घ वर्गको ईजाजत सम्बन्धमा ।

८. सडक निर्माण साझेदारी सम्बन्धमा ।

९. प्रमुख प्रशासकीय अधिकृत तथा कार्यालय प्रयोजनार्थ आवश्यक चारपाङ्ग्रे सवारी भाडामा लिने सम्बन्धमा ।

१०. सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०८१ तथा कार्य सम्पादनमा आधारित उत्प्रेरणा जगाउन अतिरिक्त समय काम गरे बापतको (प्रोत्साहन भत्ता) सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।

११. गत आ.व. २०८०।०८१ को भुक्तानी बाँकी योजना तथा कार्यक्रम सम्बन्धमा ।

१२. रोजगार सेवा केन्द्र अन्तर्गत स्थानिय निर्देशक समितिबाट पास भएका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

मिति २०८१।०५।१० गते विगु गाउँपालिकाको कार्यपालिका बैठकको निर्णयहरु

१. प्रस्ताव नं १ उपर छलफल गर्दा यस विगु गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को बजेट सम्बन्धमा आवश्यक तयारी गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा आ.व. २०८०।०८१ मा यस कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरुको आ.व. २०८०।०८१ दोस्रो चरण माघ महिना देखि असार महिना सम्मको करार नविकरण गर्नुपर्नेमा प्रमुख प्रशासकिय अधिकृतले नविकरण नै नगरी सरुवा भएको हुँदा उक्त ६ महिनमा कर्मचारीहरुले प्राप्त गरेको सेवा सुविधा तथा करार सेवा नविकरण यसै निर्णयबाट अनुमोदन गर्ने निर्णय गरियो साथै आ.व. २०८१।०८२ का लागि "करार कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्वन्धी मापदण्ड, २०७८" बमोजिम कार्यसम्पादन मूल्यांकन गरी आ.व. २०८१।०८२ पहिलो चरणमा ~~असार~~ साउन देखि पौष महिना सम्म छ महिनाको लागि करार सेवा नविकरण गर्ने निर्णय गरीयो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस विगु गाउँपालिकाको सेवा केन्द्र सिँगटीमा विगु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लादुक-४, दोलखा लेखीएको अस्थाई सेवा केन्द्रको बोर्ड र नागरीक वडापत्र राख्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा विगु गाउँपालिका स्वास्थ्य शाखा अन्तर्गत हे.अ. १ जना, अ.हे.व. ३ जना र अ.न.मी. २ जना गरी जम्मा ६ जना को स्विकृत दरवन्दीमा कर्मचारी संघ र प्रदेश माग गर्ने र संघ र प्रदेश बाट कर्मचारी सिफारीस नहुन्जेल सम्मको लागि प्राविधिक कर्मचारी सेवा करारमा अस्थायी नियुक्ती गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७० मा आकस्मिक कोषको व्यवस्था गरिएको सो कोष संचालन गर्नको लागि स्थानिय कार्यविधि निर्माण गरी संचालन गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा विगु गाउँपालिका वडा नं ५ को डुसिँडाँडा चिलंखामा पहिरोको कारण सवारी सधान संचालनमा समस्या तथा पहिरोको कारण बगेको बाटो ट्र्याक खोल्न, पहिरो तथा ढुंगा सफा गर्नको लागि प्राविधिक सँगै बसी माटो तथा ढुंगाको प्रकार अनुसारको लागत अनुमान र मुल्यांकन गरी अन्तिम भुक्तानी वडा कार्यालयको सिफारीस तथा प्रविधिक शाको सिफारीस अनुसार दिने गरी निर्णय गरियो ।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा यस कार्यालयमा ईजाजत पत्र पाउँ भनि युवराज एण्ड निराज कन्स्ट्रकसन प्रा.ली विगु-४ सिंगटी दोलखा बाट प्राप्त निवेदन उपर आवश्यक अध्ययन गरी यस गाउँपालिकाको 'घ' वर्ग निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धि कार्यविधि २०७४ अनुसार 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा विगु गाउँपालिका अन्तर्गत वडा नं ४ भोर्ले बाट गौरीशंकर गाउँपालिका जाने करिब ३०० मिटरको बाटो दुई गाउँपालिका मध्ये एउटा गाउँपालिकाले प्राविधिक प्रतिवेदन Drawing, Design, Estimate तयार गरी अत्यावश्यक काम मानी लागत साझेदारी गरि काम सम्पन्न गर्न सामझदारी गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा कार्यालय प्रयोजनार्थ आवश्यक १ चरपाङ्ग्रे सवारीसाधन भाडामा लिई संचालन गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० उपर छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी "सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०८१ " र "कार्य सम्पादनमा आधारित उत्प्रेरणा जगाउन अतिरिक्त समय काम गरे बापतको (प्रोत्साहन भत्ता) सम्वन्धी कार्यविधि, २०८१" पारित गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं ११ उपर छलफल गर्दा गत आ.व. २०८०।०८१ को भुक्तानी बाँकी प्रकृया पुरा भई आर्थिक प्रशासन शाखामा पेश भएका योजना तथा कार्यक्रमहरुको कच्चाबारी तयार गरी आ.व. २०८१।०८२ को बजेटमा समावेश गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ उपर छलफल गर्दा रोजगार सेवा केन्द्र अन्तर्गत पारित गर्नुपर्ने तपशिल बमोजिमका निर्णयहरु पारित तथा स्थानिय निर्देशक समितीबाट पारित गरिएका निर्णयहरु लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**रोजगार सेवा केन्द्र संग सम्बन्धित**

**प्रस्तावहरु**

प्रस्ताव नं. १. आ.व.२०८१/०८२ को वेरोजगार पहिचान तथा प्रमाणिकरण गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. २. आ.व. २०८१/०८२ को लागि प्र.म.रो.का.को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन सम्वन्धमा

प्रस्ताव नं. ३. चालु आ.व.२०८१/०८२ का आयोजनाहरु संचालन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ४. वडा कार्यालयहरुबाट प्राप्त आयोजनाहरुको बैंक स्वीकृत गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ५. सीप तथा क्षमता विकास तालिम सञ्चालन सम्वन्धमा ।

प्रस्ताव नं. ६. रोजगार सेवा केन्द्रको सामाग्री खरीद प्रक्रिया सम्वन्धमा ।

प्रस्ताव नं.७.रो.से.के.का कर्मचारीहरुको थप सेवा सुविधा सम्वन्धमा ।

प्रस्ताव नं.८.स्थानीय ज्याला दर कायम गर्ने सम्वन्धमा ।

*निर्णयहरु*

निर्णय नं. १. प्रस्ताव नं.१ उपर छलफ गर्दा यस विगु गाउँपालिकाको आ.व.२०८१/०८२ का लागि वडा नं. १, लामाबगरबाट २८६ जना, वडा नं. २, ओराङबाट २५२ जना, वडा नं. ३, बुलुङबाट २०२ जना, वडा नं. ४, लादुकबाट २१४ जना, वडा नं. ५, चिलंखाबाट ४३५ जना, वडा नं. ६, आलम्पुबाट २४९ जना, वडा नं. ७, विगुबाट ४३८ जना र वडा नं. ८, खोपाचागुबाट २२४ जना गरी  जम्मा पहिचान भएका २३०० जना वेरोजगारहरुको नामावली प्रमाणित गर्ने गरियो ।

निर्णय नं.२.उपर व्यापक छलफल गर्दा श्रम रोजागार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं.३४ को मिति २०८०/०४/२८ को नेपाल सरकार (मन्त्रीस्तर) को निर्णयानुसार आ.व. २०८१/०८२ को लागि प्र.म.रो.का.र युवारुप आयोजनाको वजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी मार्गदर्शनको शर्तको अधिनमा रही  वजेट तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.३.उपर व्यापक छलफल गर्दा यस विगु गाउँपालिकाको आ.व. २०८१/०८२ का लागि प्रत्येका वडावाट पेस भएका आयोजना बैंकको प्राथमिकता क्रममा रहेका आयोजनाहरुलाई सम्वन्धित वडावाट पेस गरिएको प्राथमिकिकरणको आधारमा कार्यान्वयन गर्ने गरी आयोजना संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४.उपर व्यापक छलफल गर्दा यस विगु गाउँपालिकाको प्रत्येका वडा कार्यालयहरुबाट पेस भएका आ.व. २०८१/०८२ को  तपसिल वमोजिमका आयोजनाहरुको वैंक स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | वडा कार्यालयहरुबाट प्राप्त योजनाहरु | प्राथमिकताक्रम | वडा नं. | अनुमानित माग गरिएको बजेट रु. | वडा/गा.पा बाटा विनियोजन हुने रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जगत देखि च्याम्राङ | १ | १ | ० | ० | |
| २ | च्याम्राङ देखि नाङमा डाडा सिडी बाटो निर्माण | २ | १ | ० | ० | |
| ३ | स्यालु गौरासिडी बाटो निर्माण | ३ | १ | ० | ० | |
| ४ | कुल्कुटे ग्याम्जो सिढी बाटो निर्माण | १ | २ | ० | ० | |
| ५ | ग्याम्जो देखि देउलाङ सिढी बाटो निर्माण | २ | २ | ० | ० | |

विगु गाउँपालिका
गाउँपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | खानीडाँडा टाईवा सिढी बाटो निर्माण | ३ | २ | ० | ० | |
| ७ | गोरैचा गाउँ दारेगौडा गोरेटो बाटो निर्माण | १ | ३ | ० | ० | |
| ८ | शारदा मा.वि. कलकले गोरेटो बाटो निर्माण | २ | ३ | ० | ० | |
| ९ | मादेवथान तिर्सुले देउराली गोरेटो बाटो निर्माण | ३ | ३ | ० | ० | |
| १० | कलकले मतैवारी बुढाथोकी मान्केदीङ गोरेटो बाटो निर्माण | ४ | ३ | ० | ० | |
| ११ | सिंगटी पुच्छर चौतारा देखि लादुक च्याने डाँडासम्म घोरेटो बाटो निर्माण | १ | ४ | ० | ० | |
| १२ | लिंवा माझगाउँबाट सोइसाङको घ्याङ डाडा सम्म घोरेटो बाटो निर्माण | २ | ४ | ० | ० | |
| १३ | घोडपु माझगाउँबाट घोडपु जम्बु डाँडासम्म घोरेटो बाटो निर्माण | ३ | ४ | ० | ० | |
| १४ | बोहोरे बररुखबाट बोहरे लादुक बुलुङ सडकसम्म बाटो निर्माण | ४ | ४ | | | |
| १५ | खरेखोला हुम्लिङ फेल्दर सडक सोलिङ विगु-५ | १ | ५ | ० | ० | |
| १६ | गोसेसा बुलुक्पा गुम्बा सडक सोलिङ योजना विगु-५ | २ | ५ | ० | ० | |
| १७ | दार्मेखोला लुलिङवा सडक सोलिङ योजना विगु-५ | ३ | ५ | ० | ० | |
| १८ | क्याङक्यारथाल-क्यारथाल चन्थेलीसम्म खानेपानी पाइपलाइन खन्नेपुर्ने कार्य | १ | ६ | ० | ० | |
| १९ | वासा देखि दर्खासम्म खानेपानी पाइपलाइन खन्नेपुर्ने कार्य | २ | ६ | ० | ० | |
| २० | क्यारथाल चन्थेली टयाङ्की निर्माण कार्य | ३ | ६ | ० | ० | |
| २१ | नेवारको घर देखि छयुदाकसम्म ग्रामिण सडक सोलिङ गर्ने कार्य | ४ | ६ | ० | ० | |
| २२ | गाग्रोफुटे तिनदोभान यतिदरबार पर्यटन पैदल मार्ग निर्माण | ५ | ६ | ० | ० | |
| २३ | गुठि बारी देखि पात्ले खोलासम्म सडक सोलिङ तथा नाला निर्माण योजना | १ | ७ | ० | ० | |
| २४ | बसपार्क देखि जगत चौरसम्म सडक सोलिङ तथा नाला निर्माण योजना | २ | ७ | ० | ० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | नामतेल देखि चारपाटेसम्म सडक सोलिङ तथा नाला निर्माण योजना | ३ | ७ | ० | ० | |
| २६ | ओडारे खोला देखि वाफ बिसानासम्म गोरेटो बाटो मर्मत तथा निर्माण योजना | ४ | ७ | ० | ० | |
| २७ | डाँडाटोल गैराबारी भल नियनत्रण | १ | ८ | ० | ० | |
| २८ | गुम्बादेखि टावर डाँडासम्म सडक सोलिङ | २ | ८ | ० | ० | |
| २९ | थामीचागु देखि तुनमुन डाँडा गोरेटो बाटो | ३ | ८ | ० | ० | |
| ३० | शिशु भवनदेखि डेगो गोरेटो बाटो | ४ | ८ | ० | ० | |

निर्णय नं.५. उपर व्यापक छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका( संशोधित), २०७५ को दफा ५२ अर्न्तगतको सीप तथा क्षमता विकास तालिम र दफा ७० अर्न्तगतका पूर्वाधार निर्माण तथा मर्मत क्षेत्रलाई प्राथमिकता दिई चालु आ.व.२०८१/०८२ मा निर्माण गरिएको आयोजना बैंक अनुसारका युवारुप अर्न्तगतका योजनाहरुमा काममा खटाइएका बेरोजगारहरुका लागि ५० दिनको कार्यस्थलमा आधारित सीप तथा क्षमता विकास तालिम संचालन गर्ने र सोही बेरोजगारहरुलाई ५० दिनको ज्याला संघीय सरकारवाट हस्तान्तरित शसर्त अनुदान (युवारुप) वजेट रकम रु.१५२००००/- बाट भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.उपर व्यापक छलफल गर्दा रोजागर सेवा केन्द्रको लागि आवश्यक पर्ने सामाग्री खरिद तथा योजनाको भुक्तानी युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना ( संचाला तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ४४ को उपदफा (२) वमोजिमको प्रक्रिया अवलम्वन गरी खरिद तथा भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.७. उपर व्यापक छलफल गर्दा रोजगार सेवा केन्द्रका कर्मचारी रोजगार संयोजकको पदपूर्ति र सेवासुविधा सम्वन्धी मापदण्ड,२०७६ को दफा १८, गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धी प्रक्रियाको दफा ११ को उपदफा ( ३) र स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड, २०७८ को दफा १३ को उपदफा (३) वमोजिम स्थानीय तहवाट थप मासिक महंगी भत्ता वापतको रकम रु.२०००/- (दुई हजार रुपैया) र नपुग दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.८. उपर व्यापक रुपमा छलफल गर्दा यस विगु गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्नको लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट मिति २०८०/०४/३२ गते प्रकाशित राजपत्र भाग ५ मा प्रकाशन गरेको सुचना बमोजिमको

ज्याला दर रु.६६८/- भएतापनि प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (दोस्रो संसोधन) निर्देशिका,२०७५ को दफा २७ को उपदफा (१) बमोजिम आ.ब.२०८१/०८२ को प्र.म.रो.का.को ज्याला दर रु.८०८/- कायम गर्ने निर्णय गरियो ।

२०८१/०५/१९

छोईसाङ तामाङ
प्रमुख प्रशासकीय अधिकृत